५. नेपाल सरकार जनस्वास्थ्य सेवा, प्रशासन सेवा, कृषि तथा पशु .सेवातर्फ र एल. जी. सि .डि. पी तर्फ कार्यरत कर्मचारी एवं का.स. हरुको म्यादथप गर्ने निर्णय गरीयो । कुनै पद खालि भएमा कार्यपालिकाको निर्णय गरी प्रचलित ऐन नियम तथा कानुनहरु बमोजिम पदपुर्ति गर्ने निर्णय गरियो ।

६. यस गाउँपालिकामा गम्भिर प्रकृतीका रोगहरु (मुट, किड्नी,क्यान्सर,तथा ट्युमर जस्ता रोगबाट पिडित बिपन्न परिवारका बिरामीहरुलाई उपचार खर्चको विगतमा कार्यपालिकाको निर्णय बमोजिम उपलब्ध गराउने निर्णय गरियो । उक्त रकम स्वास्थ्य प्रमुखको सिफारिसमाका आधारमा मात्र उपलब्ध गराउने समेत निर्णय गरीयो ।

७.गत साल सम्झौता गरी असार मसान्त भित्र कार्य सम्पन्न गरी प्राविधिक मुल्याङकन र विलभरपाई गाउं पालिकामा पेश भएका र भुक्तानी हुन बाँकि विनियोजन ऐनमा तोकिएका योजनाहरुको अनुगमन समिति र प्रविधिकको नापजाच, मुल्याङकन तथा सिफारीसको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

८. गंगाजमुना गा.पा. फुलखर्क धादिङमा २०७४ आश्वीन महिनादेखि लेखा सम्बन्धि कार्य गर्ने कर्मचारी नभएको र सो कार्यको लागि थप सहजीकरण गर्न कोष तथा लेखा नियन्त्रक कार्यालय धादिङबाट थप जिम्मेवारी सहित जिल्ला समन्वय समिति धादिङका लेखापाल श्री विष्णु प्रसाद चापागाईलाई लेखा सम्बन्धि कार्यको लागि जिम्मेवारी दिइएकोले निजले यस गाउँपालिकाको लेखा सम्बन्धि कार्य गरेकोले २०७४ आश्वीन महिनादेखि लागू हुनेगरि प्रति महिना प्रोत्साहन स्वरुप रु १०,०००।०० (अक्षरुपी दश हजार रुपैयाँ मात्र) दिने निर्णय गरियो ।

९. गाउं कार्यपालिका, वडापालिका, विषयगत समिति र गाउं परिषदका बैठकहरु तथा अन्य बैठकहरुमा समाबेस हुदा वडा स्तरीय बैठक रु१००० र अध्यक्ष्य तथा अन्य बैठकमा प्रति बैठक रु.१५००।-(एक हजार पाँच शय) का दरले भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

१०. गंगाजमुना गाउंपालिका भित्र कार्यक्रम संचालन गर्ने विभिन्न गैर सरकारी संस्थाहरुले पेश गरेका

बजेट तथा कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो ।

११.गंगाजमुना गाउंपालिका परिषदबाट करका स्वीकृत दर २०७५ श्रावण २२ गतेबाट लागु गर्ने निर्णय गरियो ।

१२.गंगाजमुना गाउँपालिकामा आ.ब.२०७४।७५ मा विभिन्न समयमा गाउँपालिकाको बैठक बसि भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

१३. यस गा.पा. को वडा नं. २ लताबमा भौगोलिक विकटताका कारणले स्वास्थ्य सेवाको पहूच कम भएकोले सेवाको पहूँच विस्तार गर्न उक्त स्थानमा स्वास्थ्य सेवा इकाई थप गरि संचालन गर्ने निर्णय गरियो ।

१४. यस गा.पा. को वडा नं. ३,४ र ६ मा स्वास्थ्य चौकीका कार्यरत स्थायी कर्मचारीहरुलाई आ.ब.२०७५।७६ श्रावण देखि लागू हुनेगरि घ वर्गको स्थानीय भत्ता दिने निर्णय गरियो ।